नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति २०८२/०५/०१

## चिकित्सा शिक्षा DM/MCh/NBMS-SS 2025 शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन फाराम आह्वान, सिट र परीक्षासम्बन्धी सूचना

चिकित्सा शिक्षा MECEE-DM/MCh/NBMS-SS 2025 का विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि विद्यार्थी छनौट गर्न सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षामा सहभागी हुन योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट मिति २०८२ भदौ ०२ गते बिहान १०:०० बजेदेखि २०८२ भदौ १५ गते अपरान्ह ५:०० बजेसम्म आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मार्फत अनलाइन आवेदन फाराम पेश (online application form submission) गर्न आह्वान गरिएको छ ।

### १. प्रवेश परीक्षा सञ्चालन हुने कार्यक्रम, न्यूनतम योग्यता र परीक्षा सञ्चालनको समयतालिका

**प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८२/०५/२८ गते शनिबार**

| S.N. | Program | Minimum Qualification | Exam Date and Time |
|---|---|---|---|
| 1 | DM Medical Specialties[1]/NBMS Medical subspecialties | – MD Internal Medicine or equivalent and<br>– Specialty Registration in Nepal Medical Council (or Medical Council of respective country). | बिहान ९:०० बजेदेखि १२:०० बजेसम्म |
| 2 | DM Emergency Medicine | – MD in General Practice and Emergency Medicine or equivalent/MD Emergency Medicine and<br>– Specialty Registration in Nepal Medical Council (or Medical Council of respective country). | |
| 3 | DM Neonatology | – MD Pediatrics or equivalent/MD Neonatology and<br>– Specialty Registration in Nepal Medical Council (or Medical Council of respective country). | |
| 4 | DM Cardiothoracic Vascular Anaesthesiology & Critical Care | – MD Anaesthesiology or Equivalent and<br>– Specialty Registration in Nepal Medical Council (or Medical Council of the respective country). | |
| 5 | DM Critical Care Medicine/NBMS Medical subspecialty | – MD Anesthesiology or equivalent/MD Internal Medicine or equivalent/MD Critical Care Medicine and<br>– Specialty Registration in Nepal Medical Council (or Medical Council of respective country). | दिनको १:३० बजेदेखि ४:३० बजेसम्म |
| 6 | MCh Surgical Specialties[1]/NBMS Surgical subspecialty | – MS General Surgery or equivalent and<br>– Specialty Registration in Nepal Medical Council (or Medical Council of respective country). | |

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति २०८२/०५/०१

| S.N. | Program | Minimum Qualification | Exam Date and Time |
|---|---|---|---|
| 7 | NBMS-SS Gynae Oncology | – MD Gynaecology and Obstetrics or equivalent<br>– Specialty Registration in Nepal Medical Council (or Medical Council of respective country). | |

[1]Specialty विषयमा MD (जस्तैः- MD Cardiology, MD Nephrology, MD Radiation Oncology आदि) र MS (जस्तै: MS Urology, MS Neurosurgery आदि) गरेका उम्मेदवारहरू सम्बन्धित विषयको DM/MCh/NBMS-SS शैक्षिक कार्यक्रमका लागिमात्र फाराम भर्न योग्य हुनेछन् ।

## २. आवेदन शुल्क सम्बन्धी विवरण

| | |
|---|---|
| आवेदन शुल्क | नेपाली आवेदकका लागि रु. ५,०००/- (कार्डमार्फत भुक्तानी गर्दा लाग्ने थप सेवा शुल्क बाहेक)<br>विदेशी आवेदकका लागि रु. ८,०००/- सो बराबरको रकम (कार्डमार्फत भुक्तानी गर्दा लाग्ने थप सेवा शुल्क बाहेक)। |
| शूल्क दाखिला गर्ने बैङ्क | **हिमालयन बैङ्क लिमिटेड** (Himalayan Bank Limited) |
| बैङ्क SWIFT Code | HIMANPKA |
| अनलाइन माध्यमबाट शुल्क जम्मा गर्न सकिने सेवा प्रदायकहरू | हिमालयन बैङ्कका शाखाहरू, ConnectIPS, eSewa, Khalti, Card Payment (अनलाइन माध्यमबाट शुल्क जम्मा गर्दा आयोगको फाराम भर्ने वेबपोर्टलबाट मात्र गर्नु पर्नेछ, **आयोगको खातामा रकम सिधै transfer गर्नुहुँदैन**) । |
| खातावालाको नाम | चिकित्सा शिक्षा आयोग, सानोठिमी<br>Medical Education Commission, Sanothimi |

(क) बैङ्कमा रकम बुझाई (Counter Payment मार्फत) आवेदन शुल्क भुक्तानी गर्ने आवेदकले प्रत्येक शैक्षिक कार्यक्रमका लागि हिमालयन बैङ्कमा अलग अलग भौचर भरी रकम बुझाउनुपर्नेछ ।

(ख) शुल्क बैंकमा नगद जम्मा गर्नेको हकमा भौचरको कारोबार नम्बर (transaction number- TRN) को अन्तिम छ ओटा डिजिट आवेदन फाराममा तोकिएको स्थानमा उल्लेख गर्नुपर्नेछ ।

(ग) आवेदन शुल्क बुझाई सकेपछि फिर्ता हुनेछैन ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।
मिति २०८२/०५/०१

३. समूहगत सिट सम्बन्धी विवरण पछि प्रकाशन गरिनेछ ।

४. विदेशी विद्यार्थीको आवेदन सम्बन्धी व्यवस्था

(क) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा अध्ययन गर्न इच्छुक विदेशी उम्मेदवारहरूले समेत यसै सूचनामा उल्लिखित समयसिमाभित्र आयोगद्वारा सञ्चालित प्रवेश परीक्षामा सहभागी हुन आफूले रोजेको शैक्षिक कार्यक्रम उल्लेख गरी अनलाइन आवेदन फाराम अनिवार्य रूपले भर्नुपर्नेछ ।

(ख) विदेशी विद्यार्थीका लागि अङ्ग्रेजी भाषामा आयोगको वेबसाइटमा अलग्गै विस्तृत सूचना प्रकाशित गरिएको छ ।

५. प्रवेश परीक्षाको किसिम, समय, पूर्णाङ्क र उत्तीर्णाङ्कसम्बन्धी व्यवस्था

(क) प्रवेश परीक्षा कम्प्युटर प्रणालीमा आधारित हुनेछ ।

(ख) परीक्षा समयावधि तीन घण्टा र पूर्णाङ्क २०० हुनेछ ।

(ग) प्रत्येक सही उत्तरका लागि एक अङ्क प्राप्त हुनेछ र प्रत्येक गलत उत्तरका लागि ०.२५ का दरले अङ्क घटाइने छ ।

(घ) एकीकृत प्रवेश परीक्षाको योग्यताक्रममा समावेश हुनका लागि न्यूनतम ५० औं पर्सेन्टाइल वा सोभन्दा माथि रहेको हुनुपर्ने छ ।

(ङ) बुँदा (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपलब्ध सिट सङ्ख्याको दोब्बरभन्दा कम परीक्षार्थी परीक्षामा उपस्थित भएको अवस्थामा उक्त शैक्षिक कार्यक्रमका लागि ५० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रममा सामेल गर्न बाधा पर्ने छैन ।

६. अध्ययन अनुमतिपत्र/पूर्वस्वीकृति (release letter) तथा सिफारिस पेश गर्नुपर्ने

(क) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट अध्ययन अनुमतिपत्र/पूर्वस्वीकृति पत्र लिई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(ख) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम १७ उपनियम (१) बमोजिम सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी भन्नाले प्रचलित कानुन बमोजिम गठन भएको नेपाल स्वास्थ्य सेवाको स्थायी पदमा कार्यरत, सैनिक प्राविधिक सेवाको सैनिक स्वास्थ्य समूह, प्रहरी सेवाको प्राविधिक सेवाको प्रहरी समूह अन्तर्गतको स्वास्थ्य उपसमूह वा सशस्त्र प्रहरी सेवाको प्राविधिक समूह अन्तर्गतको स्वास्थ्य उपसमूहको स्थायी पदमा कार्यरत, सरकारी विश्वविद्यालय वा प्रचलित कानुन बमोजिम स्थापित प्रतिष्ठानको स्थायी पदमा स्थायी रूपमा कार्यरत, विकास समिति ऐन, २०१३ बमोजिम

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

मिति २०८२/०५/०१

गठित संगठित संस्थाको स्थायी पदमा लोक सेवा आयोगले निर्धारण गरेको प्रक्रिया पूरा गरी नियुक्ति पाई स्थायी रूपले कार्यरत वा नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहको स्थायी पदमा कार्यरत स्वास्थ्यकर्मी सम्झनुपर्छ ।

(ग) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम १६ उपनियम (१) बमोजिम अनुभव र दुर्गम क्षेत्रको काम गरेको प्रमाणित कागजात पेश गर्दा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएपश्चातको विवरण मात्र पेश गर्नुपर्दछ र अनुभव पेश गरेको स्वास्थ्य संस्थाको संघीय संरचना अनुसारको पूरा ठेगाना र भौगोलिक क्षेत्र खुलेको विवरण उल्लेख भएको हुनुपर्नेछ ।

(घ) बिरामी, घाइते वा अपाङ्गता भएका व्यक्तिले आवश्यक अन्य सिफारिसको अतिरिक्त नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त चिकित्सकबाट निज उम्मेदवार सो विषय अध्ययन गर्न सक्षम भएको व्यहोरा सहितको सिफारिसपत्र अनलाइन आवेदन भर्दा नै पेश गर्नुपर्नेछ ।

## ७. आवश्यक प्रमाणपत्र र कागजात

अनलाइन आवेदन फाराम भर्दा उम्मेदवारहरूले देहायका प्रमाणपत्र/कागजातहरूको सक्कल प्रतिको स्क्यान/फोटो पेस गर्नुपर्नेछ । फोटोकपीको स्क्यानप्रति/फोटोलाई मान्यता दिइने छैन ।

(क) आवेदन शुल्क बुझाएको भौचरको कारोबार नम्बर (transaction number - TRN) को अन्तिम छ ओटा डिजिट (last six digits) ।

(ख) उम्मेदवारको हालसालै खिचिएको पासपोर्ट साइजको फोटोको Scanned प्रति ।

(ग) नेपाली उम्मेदवारको हकमा नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचय-पत्र तथा विदेशी उम्मेदवारको हकमा राहदानी वा इआधार कार्डको Scanned प्रति ।

(घ) नेपाली आवेदकको हकमा स्वदेशमा अध्ययन गरेको भए स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट र प्रमाणपत्र तथा विदेशी बोर्ड/विश्वविद्यालयमा अध्ययन गरेको भएमा ट्रान्सक्रिप्ट, प्रमाणपत्र र समकक्षता प्रमाणपत्रको Scanned प्रति ।

(ङ) विदेशी आवेदकको हकमा ट्रान्सक्रिप्ट र प्रमाणपत्रको Scanned प्रति ।

(च) नेपाली आवेदकका लागि काउन्सिलमा दर्ता हुनुपर्ने समुहहरूको हकमा नेपालको सम्बन्धित काउन्सिलमा दर्ता भई म्याद कायम भएको प्रमाणपत्रको Scanned प्रति र विदेशी आवेदकका लागि आफ्नो राष्ट्रको सम्बन्धित काउन्सिलबाट जारी भई म्याद कायम भएको विशेषज्ञताको प्रमाणपत्रको Scanned प्रति ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति २०८२/०५/०१

(छ) सरकारी समूह तर्फ आवेदन गर्ने उम्मेदवारहरूले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रदान गरिएको अध्ययन अनुमति-पत्र/पूर्वस्वीकृती पत्रको Scanned प्रति ।

(ज) सरकारी सेवामा कार्यरत स्वस्थ्यकर्मीले अनुभव र दुर्गम क्षेत्रमा काम गरेको प्रमाणित कागजात (आवेदन फाराम भर्ने अन्तिम मितिसम्म एक वर्ष सेवा अवधि पूरा भएको) Scanned प्रति ।

(झ) नेपाल सरकारबाट छात्रवृत्ति वा निःशुल्क अध्ययनको अवसर प्राप्त गरी स्नातकोत्तर तह पूरा गरेका उम्मेदवारको हकमा कबुलियतनामामा तोकिएबमोजिको सेवासर्त पूरा गरेको प्रमाणित कागजातको Scanned प्रति ।

(ञ) उम्मेदवारको फोटो, प्रमाणपत्र तथा कागजातको Scanned प्रति/फोटोको साइज र गुणस्तर देहायबमोजिम हुनुपर्नेछ ।

आवेदकको फोटो (photo)

i. **Image file format:** The image must be in the (JPEG/JPG) format with good quality.
ii. **Image file size:** The maximum image file size is 200KB (kilobytes).
iii. **Image resolution:** Image should NOT be crispy or blurry.

प्रमाणपत्र (certificates) वा अन्य कागजात (document) को स्क्यानप्रति/फोटो

I. **File format:** JPEG वा PDF
II. **File size:** The maximum file size is 200KB for JPEG and 500KB for PDF.
III. **Resolution:** Should NOT be crispy or blurry.

८. **अनलाइन आवेदन फाराम भर्नका लागि प्रोफाइल तयार पार्ने र आवेदन फाराम पेश गर्ने तरिकाः**

अघिल्लो वर्ष सञ्चालित एकीकृत प्रवेश परीक्षामा आवेदन भरेका उम्मेदवारहरूले प्रोफाइल रजिष्टर गर्दा राखेको User ID र Password प्रयोग गरी सोही प्रोफाइलमार्फत आफ्ना विवरणहरू अद्यावधिक गरी तथा नयाँ उम्मेदवारहरूले तपसिलबमोजिम Account तथा प्रोफाइल तयार पारी देहायका प्रक्रिया अनुसार आवेदन दिनुपर्नेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति २०८२/०५/०१

तपसिल

उम्मेदवारले सर्वप्रथम आफ्नो इमेल आइडी र पासवर्ड प्रयोग गरी प्रोफाइल बनाउनु पर्नेछ र यो प्रोफाइल चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षा दिनका लागि सधैंलाई प्रयोग हुनेछ ।

(अ) Account तथा प्रोफाइल तयार पार्ने प्रक्रियाः

(क) आवेदन फाराम भर्नका लागि सर्वप्रथम चिकित्सा शिक्षा आयोगको वेबसाइट https://mec.gov.np मा प्रवेश गरी सबैभन्दा माथि रहेको Online Application लेखिएको स्थानमा क्लिक गर्नुपर्दछ । त्यसपछि खुल्ने पेजको दायातर्फ रहेको Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Don't have an account ? Register here लिङ्कमा क्लिक गर्नुपर्दछ।

अथवा,

वेबब्राउजरमा https://entrance.mec.gov.np टाइप गरी Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Don't have an account ? Register here लिङ्कमा क्लिक गर्नुपर्दछ।

(ख) यसपछि खुल्ने पेजमा नेपाली आवेदकको हकमा Nationality मा Nepalese र विदेशी आवेदकको हकमा Foreign मा क्लिक गरी आफ्नो Full Name, Email, Contact Number, Password, Confirm Password भरेर Register बटनमा क्लिक गरी आफ्नो युजर बनाउनु पर्नेछ।

(ग) आफूले उल्लेख गरेको इमेल ठेगानामा इमेल आइडी verification का लागि इमेल आउनेछ। आफ्नो इमेल आइडी Login गरी Click here to verify लिङ्कमा क्लिक गरेपछि प्रोफाइल रजिष्टर गर्दा राखेको इमेललाई User Name को बक्समा र पासवर्डलाई Password बक्समा राखेर Login बटनमा क्लिक गर्नुपर्नेछ।

(घ) पहिलो पटक आफ्नो प्रोफाइल Login गर्दा अनलाइन आवेदन फाराम भर्ने प्रणालीमा आफ्नो email verification नभएको भए Please verify your email to continue भन्ने सन्देश देखिनेछ र दर्ता गरिएको इमेल ठेगानामा प्राप्त भएको इमेल सन्देशको लिङ्कमा क्लिक गरी इमेल आइडी भेरिफिकेसन गर्नुपर्नेछ । यदि रजिस्टर गरेको इमेल आइडीमा भेरिफिकेसन सन्देश नआएको खण्डमा आफ्नो आवेदन फाराम भर्ने प्रोफाइलमा Login गरी Please verify your email to continue भन्ने सन्देशसँगै रहेको Resend बटनमा क्लिक गरी इमेल आइडीमा गई माथिको प्रक्रिया अनुसार आफ्नो इमेल आइडी Verify गर्नुपर्नेछ ।

(ङ) इमेल आइडी Verify भईसकेपछि चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको अनलाइन प्रणालीमा पुनः Login गरेर मुख्य dashboard मा क्लिक गर्नुपर्नेछ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।
मिति २०८२/०५/०१

(च) पहिलो पटक प्रोफाइल तयार गर्दा निर्धारित शुल्क भुक्तानी गरेपछिमात्र अन्य विवरण भर्न सकिने भएकाले शुल्क भुक्तानीका लागि Make Payment बटनमा क्लिक गर्नुपर्नेछ।

(छ) यसपछि सूचनामा उल्लेख भएका सबै शैक्षिक कार्यक्रमहरूको सूची देखापर्छ । न्यूनतम योग्यता पुगेका शैक्षिक कार्यक्रमहरूको शुरूमा रहेको चेकबक्समा क्लिक गरी आफूले फाराम भर्न चाहेका कार्यक्रमहरू छनौट गर्नुपर्नेछ । कार्यक्रमगत रूपमा भुक्तानी गर्नुपर्ने जम्मा रकम आफूले छनौट गरेको शैक्षिक कार्यक्रमको तलतिर देखिने छ । आफूले भुक्तानी गर्न चाहेको कुनै एउटा भुक्तानीको माध्यम (Mode of payment) बटनमा क्लिक गरी शुल्क भुक्तानी गर्नुपर्नेछ । बैङ्कको शाखामा नगद जम्मा गर्ने भएमा प्रत्येक शैक्षिक कार्यक्रमको दाँयातर्फ रहेको Update counter payment voucher बटनमा क्लिक गरी भौचर नम्बरको अन्तिम छ वटा डिजिट र बैङ्क भौचरमा उल्लेख गरेको मोबाइल नम्बर राखी Submit बटन क्लिक गर्नुपर्नेछ।

(ज) शुल्क भुक्तानी गरिसकेपछि Dashboard मा रहेको Start Registration मेनुमा क्लिक गरेर आफ्नो व्यक्तिगत विवरण र सोसँग सम्बन्धित कागजातहरू संलग्न गरी Save and continue बटनमा क्लिक गर्नुपर्नेछ ।

(झ) Qualifications खण्डमा शैक्षिक विवरण र सोसँग सम्बन्धित कागजातहरू राखी Save and continue बटनमा क्लिक गरी सुरक्षित गर्नुपर्नेछ ।

(ञ) प्रोफाइलको Professional Council खण्डमा रहेको Add New बटनमा क्लिक गरी आफ्नो काउन्सिल रजिस्ट्रेसनको कागजात सहित विवरणहरू उल्लेख गरी काउन्सिल रजिस्ट्रेसनको विवरण सुरक्षित गर्नुपर्नेछ (आवश्यक पर्नेको हकमा मात्र) ।

(ट) Experience खण्डका विवरणहरू अनिवार्य रूपमा भर्नुपर्नेछ ।

(ठ) आफ्नो प्रोफाइल तयार भईसकेपछि फाराम पेश (Submit) नगरेसम्म विवरण तथा कागजातहरू थप गर्न वा सच्याउन सकिनेछ ।

(ड) सबै विवरणहरू भरी कागजात अपलोड गरिसकेपछि आफूले भरेका प्रत्येक कार्यक्रमका फाराम पेश (submit) गर्नुपर्नेछ । फाराम पेश (submit) गरे पश्चात् Download Confirmation Page देखा पर्नेछ उक्त बटनमा क्लिक गरी फाराम पेश गरेको Confirmation Page डाउनलोड गरी सुरक्षित राख्नु पर्नेछ अन्यथा फाराम पेश (Submit) भएको मानिने छैन् ।

(आ) आवेदन फाराम पेश गर्ने प्रक्रिया:

(क) आवेदन पेश गर्नका लागि Dashboard मेनुमा रहेको Submit Program Application मा क्लिक गरी आवेदन दिन चाहेको शैक्षिक कार्यक्रममा रहेको Apply मा क्लिक गरेर सबै विवरण रुजु

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

मिति २०८२/०५/०१

गरी आफूले आवेदन दिन चाहेको समूह (Open वा Government) कुनै एकमा अनिवार्य Tick लगाएर अन्त्यमा रहेको Save and Submit Application मा क्लिक गर्नु पर्नेछ ।

(ख) आफ्नो फाराम पेश भएपश्चात् त्यसको जानकारी प्रोफाइलमा देखापर्छ । कुनै विवरण नमिलेको भए error म्यासेज देखापर्नेछ र आफ्नो विवरण पुनः रुजु गरी माथिकै प्रक्रियाबाट पुनः फाराम पेश गर्नुपर्नेछ ।

(ग) फाराम पेश (submit) गरिसकेपछि In Progress भनेर Status अपडेट हुन्छ । यसपछि कुनैपनि विवरण सच्याउन सकिने छैन ।

(घ) Dashboard मेनुमा रहेको Submit Program Application मा क्लिक गरेपछि खुल्ने पेजमा रहेको Download Confirmation Page बाट Confirmation Page डाउनलोड गर्न सकिनेछ। Confirmation Page नदेखिएसम्म फाराम submit भएको हुने छैन ।

## ९. प्रवेशपत्र डाउनलोड गर्ने तरिका

आवेदन फाराम स्वीकृत भएका उम्मेदवारहरूले आफ्नो प्रोफाइल मार्फत निम्न प्रक्रिया पूरा गरी प्रवेश परीक्षा हुने दिनभन्दा पाँच दिन अघिबाट प्रवेश पत्र प्राप्त गर्न सकिनेछः

(क) आयोगको अनलाइन दरखास्त प्रणाली https://entrance.mec.gov.np मा Browse गरी आफ्नो प्रोफाइल लगइन (Profile login) गर्ने,

(ख) **Application menu** मा क्लिक गर्ने,

(ग) **MECEE-DM/MCh/NBMS-SS 2025** को **View details** बटनमा क्लिक गर्ने,

(घ) आफूले फाराम भरेको Program को **Download Admit Card** बटनमा क्लिक गरी प्रवेश पत्र डाउनलोड गर्ने,

(ङ) डाउनलोड भएको प्रवेश पत्रलाई रंगिन (color) प्रिन्ट गर्ने ।

## १०. प्रवेश परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था

(क) प्रवेश परीक्षा दिन आउँदा रंगिन प्रवेश पत्र र आवेदन फाराम साथ पेश गरेको परिचयपत्र (नेपाली आवेदकको हकमा सक्कल नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचय-पत्र र विदेशी आवेदकको हकमा राहदानी वा ई-आधारकार्ड) अनिवार्य रूपमा ल्याउनु पर्नेछ । उक्त कागजातहरूको फोटोकपीलाई मान्यता दिइने छैन । उल्लिखित कागजातहरू नल्याउने परीक्षार्थीलाई परीक्षामा सामेल गराइने छैन।

(ख) प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परीक्षा शुरू हुने समयभन्दा दुई घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्नेछ । परीक्षार्थीको आवश्यक सुरक्षा जाँच परीक्षा केन्द्रभित्र प्रवेश गर्नुभन्दा अघि र पछि पनि गर्न सकिनेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति २०८२/०५/०१

(ग) परीक्षा केन्द्रमा परीक्षार्थीहरूको बायोमेट्रिक विवरण सङ्कलन गरिनेछ ।

(घ) परीक्षार्थीको कान तथा चश्मा पनि जाँच गर्न सकिनेछ । पावर चश्मा बाहेक अन्य कुनै खालको चश्मा साथै हेयरिङ एडसमेत लगाउन पाइने छैन ।

(ङ) परीक्षार्थीहरूले क्यालकुलेटर, पेजर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्याबलेटका साथै अन्य कुनैपनि विद्युतीय उपकरण एवम् ब्याग, वालेट, पर्स, घडी, टिपेक्स लगायतका अन्य सामग्रीहरू परीक्षा केन्द्रमा लैजान तथा कुनैपनि गरगहनासमेत लगाउन पाइने छैन ।

(च) प्रवेश परीक्षा शुरू भएको १५ मिनेटपछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन।

(छ) प्रवेश परीक्षा कम्प्युटर प्रणालीमा आधारित हुनेछ ।

(ज) परीक्षार्थीलाई आवश्यक पर्ने कालो रङ्गको मसी भएको कलम परीक्षा हलमा उपलव्ध गराइनेछ र सोही कलम प्रयोग गरी परीक्षा दिनुपर्नेछ ।

(झ) निर्धारित तीन घण्टा समय समाप्त भएपछि मात्र परीक्षार्थीलाई परीक्षा हलबाट बाहिर जान दिइनेछ।

(ञ) नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएमा वा दिने प्रयास गरेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी कानुनी कारबाही गरिनेछ ।

(ट) परीक्षाको मर्यादा विपरित कार्य गर्ने गराउने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ।

(ठ) छात्रवृत्तिमा अध्ययन गरेका उम्मेदवारले तोकिएबमोजिमको कबुलियतनामा पुरा नगरी आवेदन गरेको पाइएमा त्यस्ता उम्मेदवारको जुनसुकै अवस्थामा परीक्षा रद्द गरी कानुनी कारबाही गरिनेछ।

## ११. परीक्षा केन्द्रसम्बन्धी व्यवस्थाः

त्रिभुवन विश्विद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, सूचना तथा सञ्चार प्रविधि केन्द्र (ICTC), पुल्चोक, ललितपुर ।

## १२. नतिजा प्रकाशन, म्याचिङ तथा भर्ना प्रक्रिया

(क) प्रवेश परीक्षाको नतिजा सरकारी, खुला तथा विदेशी समूहको अलग अलग योग्यता कायम गरी नतिजा प्रकाशित गरिनेछ ।

(ख) प्रवेश परीक्षाको नतिजाको जुन समुहको योग्यताक्रममा रहेको सोही समूहका लागि छुट्याइएको सिटमामात्र म्याचिङमा सहभागी हुन पाइनेछ ।

(ग) प्रवेश परीक्षामा सफल भई छनौट भएका परीक्षार्थीहरूले भर्नाका लागि विश्वविद्यालय/प्रतिष्ठानले तोकेबमोजिम सक्कलै प्रमाणपत्र/कागजात र सोको फोटोकपी पेश गर्नुपर्नेछ ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति २०८२/०५/०१

(घ) कुनै उम्मेदवारले प्रवेश परीक्षा र भर्ना प्रकृयामा झुटो विवरण पेश गरी भर्ना भएको रहेछ भने कुनै पनि समयमा भर्ना खारेज हुनेछ ।

(ङ) कुनै पनि शैक्षिक कार्यक्रममा विदेशी विद्यार्थीका लागि छुट्याइएको सिट रिक्त हुन गएमा सो रिक्त सिटलाई सःशुल्क (paying) सिटमा परिणत गरी नेपाली उम्मेदवारलाई प्रवेश परीक्षाको योग्यताक्रम अनुसार आवश्यक प्रक्रिया पूरा गरी भर्ना गरिनेछ ।

(च) म्याचिङसम्बन्धी विस्तृत सूचना पछि प्रकाशित गरिनेछ ।

(छ) प्रवेश परीक्षामा आवेदन दिनका लागि बनाइएको परीक्षार्थीको व्यक्तिगत प्रोफाइलमा पटकपटक लगइन (log-in) गरी उपयोग गर्नुपर्ने भएको हुनाले लगइन गर्ने सम्पूर्ण विवरणहरू (मोबाइल नम्बर, जन्म मिति, भौचर नम्बर) गोप्य र सुरक्षित राख्नु पर्नेछ ।

(ज) प्रवेश परीक्षामा आवेदनको आफ्नो प्रोफाइलबाट परीक्षा आवेदन कन्फर्मेसन पेज, प्रवेशपत्र, स्कोरकार्ड, भर्ना कार्ड लगायतका विवरणहरू प्रोफाइलको डाउनलोड बटनमा क्लिक गरी (उपलब्ध भएपछि) डाउनलोड गरी सुरक्षित राख्नुपर्ने हुन्छ ।

(झ) परीक्षा निर्देशनालयमा निवेदन वा पत्राचार वा इमेल आदानप्रदान गर्दा परीक्षा रोलनम्बर कायम नहुँदासम्म आवेदन शुल्क तिरेको भौचरको अन्तिम छ अङ्क र परीक्षा रोलनम्बर कायम भएपछि रोलनम्बर लगायतका परीक्षार्थी पहिचानका व्यक्तिगत विवरणहरू अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ । एउटै विषयमा पटक पटक इमेल लेख्नु परेमा पहिलाकै इमेल थ्रेडमा रिप्लाइ वा फर्वार्ड गरी लेख्नु पर्नेछ । यस निर्देशनालयसँग सम्बन्धित इमेलमा पत्राचार गर्दा **entrance@mec.gov.np** मा गर्नुपर्नेछ ।

**१३. परीक्षा आवेदन फाराम भर्नका लागि आयोगले सञ्चालनमा ल्याएको वेबपोर्टल https://entrance.mec.gov.np लगइन गर्नका लागि मोबाइलको क्युआर कोड स्क्यानर कबुलियतनामा**

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ को उपदफा (३) को व्यवस्था अनुसार सरकारी शिक्षण संस्थामा सञ्चालन हुने चिकित्सा क्षेत्रको स्नातकोत्तर तहमा नेपाली विद्यार्थीका लागि निःशुल्क हुने व्यवस्था भएको हुनाले सरकारी शैक्षिक संस्थामा मनोनयन हुने नेपाली विद्यार्थीले भर्नाका बखत राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७६ (संशोधनसमेत) को अनुसूची - ६ बमोजिमको कबुलियतनामा गर्नुपर्ने छ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति २०८२/०५/०१

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

१४. विविध

(QR code scanner) बाट देहायको क्युआर कोड स्क्यान गरेर पनि वेबपोर्टलमा प्रवेश गर्न सकिनेछ ।

फाराम भर्ने पोर्टल

पाठ्यांश पोर्टल

द्रष्टव्य:

(क) आयोगबाट तोकिएको म्यादभित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको ढाँचा अनुसार नभएको दरखास्त स्वीकृत गरिने छैन ।

(ख) दरखास्तसाथ संलग्न प्रमाणपत्र तथा कागजातहरू दरखास्त दिने अन्तिम मितिभित्र पेस गरेको हुनुपर्नेछ।

(ग) परीक्षा रोल नम्बर र प्रश्नपत्रको सेट सही रूपमा बबल नगरिएका उत्तरपुस्तिका रद्द गरिनेछ ।

(घ) आवेदन फाराम भर्दा कुनै समस्या आइपरेमा आयोगको मोवाइल नम्बर ९८५१३१८४९८ मा कार्यालय समयभित्र सम्पर्क गरी आवश्यक सहयोग लिन सकिनेछ ।

(ङ) परीक्षार्थीले प्रवेश पत्रमा उल्लेख भएका सम्पूर्ण विवरणहरू अध्ययन गरी पालना गर्नुपर्नेछ ।

(च) अनलाइन फाराम र प्रवेश परीक्षा शुल्क तिरेको भौचरमा परीक्षार्थी स्वयमको एउटै मोबाइल नम्बर उल्लेख गरेको हुनुपर्नेछ ।

(छ) आयोगबाट प्रकाशित अनलाइन आवेदन फाराम भर्ने सूचनालाई अध्ययन गरेर मात्र आवेदन फाराम भर्नुपर्नेछ ।

(ज) एकभन्दा बढी पाना भएका प्रमाणपत्र वा कागजातको हकमा सबै पानाको विवरण आउने गरी सक्कल कागजातबाटै फोटो खिची वा स्क्यान गरी एउटै PDF बनाई अपलोड गर्नुपर्नेछ ।

(झ) एकभन्दा बढी कार्यक्रमका लागि आवेदन दिने उम्मेदवारले परीक्षा तालिकाबमोजिम परीक्षा नजुध्ने गरी फाराम भर्न सकिनेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

मिति २०८२/०५/०१

(ञ) एकभन्दा बढी शैक्षिक कार्यक्रमका लागि आवेदन फाराम भर्ने उम्मेदवारहरूले सबै कार्यक्रमहरूमा एउटै व्यक्तिगत विवरण, हस्ताक्षर, मोबाइल नम्बर र फोटो पेश गर्नुपर्नेछ ।

(ट) प्रत्येक शैक्षिक कार्यक्रमका लागि छुट्टाछुट्टै योग्यताक्रम र म्याचिङ गरिनेछ तर कुनै उम्मेदवार कुनै एक शैक्षिक कार्यक्रममा म्याचिङ भई भर्ना भइसके पश्चात् अन्य सबै कार्यक्रमको म्याचिङ प्रक्रियाबाट हटाइनेछ ।

(ठ) सरकारी र खुला समूहमध्ये कुनै एक समूहमा मात्र आवेदन गर्नु पर्नेछ ।

(ड) एकीकृत प्रवेश परीक्षाको पाठ्यक्रम आयोगको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

(ढ) दरखास्त फारामको महलहरूमा उल्लेख भएबमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ ।

(ण) दरखास्तमा उल्लेख गरेको विवरणको सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनुपर्नेछ ।

(त) आयोगबाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा, म्याचिङ, भर्ना लगायतका विषयहरूमा थप जानकारी लिनको लागि आयोगको वेबसाइट https://mec.gov.np मा प्रवेश गरी राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित), चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७९ लगायतका कानुनी दस्तावेजहरू, आयोगबाट प्रकाशित सूचनाहरू अध्ययन गर्नुका साथै विभिन्न जानकारीमूलक भिडियोहरूसमेत हेर्नुहुन अनुरोध छ ।

२०८२/०५/०१

मञ्जु अधिकारी
उपसचिव

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-

चलानी नं. :-

मितिः २०८२/०५/०१

विषयः सिट निर्धारण सम्बन्धी सूचना ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ मा उल्लिखित व्यवस्था, चिकित्सा शिक्षा आयोगद्वारा स्वीकृत कार्यक्रमगत न्यूनतम/प्रत्यायन मापदण्ड, चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण सम्बन्धी एकीकृत कार्यविधि, २०७९ र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चिकित्सा शिक्षा आयोगको मिति २०८२/०४/२९ को निर्णयानुसार चिकित्सा शिक्षाको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने देहायका विश्वविद्यालय, प्रतिष्ठान, शिक्षण संस्था र स्वास्थ्य संस्थालाई शैक्षिक सत्र २०८२/८३ (सन २०२५/२६) का लागि स्नातक तह, डीएम, एमसिएच तह र एनबिएमएस (सब स्पेसियालिटिज) तर्फ यसैसाथ संलग्न तालिकामा उल्लिखित सङ्ख्यामा सिट निर्धारण गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

(लक्ष्मीकुमार खड्का)
उपसचिव

फोनः ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेलः info@mec.gov.np | वेबसाइटः www.mec.gov.np

## (ग) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (NBMS)तर्फ:

| SN | Name of Institute | Program | Allocated Seat | Remarks |
|---|---|---|---|---|
| 1 | B.P. Koirala Memorial Cancer Hospital, Chitwan | Surgical Oncology (Thoracic) | 1 | |
| | | Surgical Oncology (Genitourinary) | 1 | |
| | | Gynecological Oncology | 1 | |
| 2 | Public Health Concern Trust, Kirtipur Hospital | Plastic Surgery | 2 | |
| 3 | Purbanchal Cancer Hospital, Jhapa | Medical Oncology | 1 | |
| 4 | Nepal Mediciti, Lalitpur | GI Surgery | 2 | |
| | | Urology | 1 | |
| | | Neurosurgery | 1 | |
| 5 | B&B Hospital Pvt. Ltd., Lalitpur | Urology | 1 | |
| 6 | Grande International Hospital, Kathmandu | Critical Care Medicine | 1 | |
| 7 | Upendra Devkota Memorial National Institute of Neurological and Allied Sciences | Neurosurgery | 2 | |
| | | Neurology | 1 | |
| 8 | Hospital for Advanced Medicine and Surgery (HAMS), Kathmandu | Cardiology | 1 | |
| | Total | | 16 | |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

(ख) डिएम,एमसिएच तहतर्फः

| SN | Institutions | Critical Care | Pulmonology (Pulmonary,Critical Care and Sleep Medicine ) | Cardiology |
|---|---|---|---|---|
| | | Allocated Seat | Allocated Seat | Allocated Seat |
| 1 | Birat Medical College, Biratnagar, Morang | 1 | 1 | 1 |
| 2 | B.P. Koirala Institute of Health Science, Dharan | 2 | 2 | 0 |
| 3 | Chitawan Medical College, Bharatpur | 2 | 1 | 1 |
| 4 | College of Medical Science, Bharatpur | 1 | | 2 |
| 5 | Gandaki Medical College, Kaski | | | 0 |
| 6 | KIST Medical collge Gwarko, Lalitpur | 0 | | |
| 7 | Kathmandu Medical College, Kathmandu | 2 | 1 | 1 |
| 8 | KUSMS Dhulikhel, Dhulikhel | | | 2 |
| 9 | Manipal College of Medical College, Pokhara | | | 2 |
| 10 | Maharajgunj Medical College, Maharjgunj | 3 | | 3 |
| 11 | National Academy of Medical Sciences, Kathmandu | 2 | 3 | 4 |
| 12 | National Medical College, Birgunj | 1 | | 1 |
| 13 | Nepal Medical College, Jorpati | 2 | | |
| 14 | Nobel Medical College, Biratnagar, Morang | 1 | 1 | 2 |
| 15 | Universal College of Medical Sciences, Bhairahawa | | | |
| 16 | Nepalese Army Institute of Health Science | 1 | | 1 |
| 17 | Nepalgunj Medical College | 1 | | |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

| SN | Institutions | University/ Acedemy | Type | Nephrology | Endocrinology | Medical Hematology | Neonatology |
|---|---|---|---|---|---|---|---|
| | | | | Allocated Seat | Allocated Seat | Allocated Seat | Allocated Seat |
| 1 | Birat Medical College, Biratnagar, Morang | KU | Private | 1 | | | |
| 2 | B.P. Koirala Institute of Health Science, Dharan | BPKIHS | Public | | | | 1 |
| 3 | Chitawan Medical College, Bharatpur | TU | Private | | 1 | | |
| 4 | College of Medical Science, Bharatpur | KU | Private | 1 | | | 1 |
| 5 | Gandaki Medical College, Kaski | TU | Private | | | | |
| 6 | KIST Medical collge Gwarko, Lalitpur | TU | Private | 0 | | | |
| 7 | Kathmandu Medical College, Kathmandu | KU | Private | 1 | | | 1 |
| 8 | KUSMS Dhulikhel, Dhulikhel | KU | Private | | | | |
| 9 | Manipal College of Medical College, Pokhara | KU | Private | 1 | | | |
| 10 | Maharajgunj Medical College, Maharjgunj | TU | Public | 2 | | | |
| 11 | National Academy of Medical Sciences, Kathmandu | NAMS | Public | 1 | 1 | 1 | |
| 12 | National Medical College, Birgunj | TU | Private | | | | 0 |
| 13 | Nepal Medical College, Jorpati | KU | Private | 1 | | | 1 |
| 14 | Nobel Medical College, Biratnagar, Morang | KU | Private | | | | 1 |
| 15 | Universal College of Medical Sciences, Bhairahawa | TU | Private | 1 | | | 0 |
| 16 | Nepalese Army Institute of Health Science | TU | Public | 0 | | | |
| 17 | Nepalgunj Medical College | KU | Private | | | | 1 |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

| SN | Institutions | Gastroenterology | Emergency Medicine | Neurology | Hepatology | Medical Oncology | Diabetology and Metabolic Disorder |
|---|---|---|---|---|---|---|---|
| | | Allocated Seat | Allocated Seat | Allocated Seat | Allocated Seat | Allocated Seat | Allocated Seat |
| 1 | Birat Medical College, Biratnagar, Morang | | | | | | |
| 2 | B.P. Koirala Institute of Health Science, Dharan | 1 | | | | 1 | |
| 3 | Chitawan Medical College, Bharatpur | 1 | 2 | | | | |
| 4 | College of Medical Science, Bharatpur | 1 | 1 | 1 | | | 2 |
| 5 | Gandaki Medical College, Kaski | | 0 | | | | |
| 6 | KIST Medical collge Gwarko, Lalitpur | 1 | 1 | | | 0 | |
| 7 | Kathmandu Medical College, Kathmandu | | | 1 | | | |
| 8 | KUSMS Dhulikhel, Dhulikhel | | | | | | |
| 9 | Manipal College of Medical College, Pokhara | 1 | | | | | |
| 10 | Maharajgunj Medical College, Maharjgunj | 2 | 1 | 2 | | | |
| 11 | National Academy of Medical Sciences, Kathmandu | 3 | | | 2 | 1 | |
| 12 | National Medical College, Birgunj | | 1 | | | | |
| 13 | Nepal Medical College, Jorpati | | | | | | |
| 14 | Nobel Medical College, Biratnagar, Morang | 1 | | 1 | 0 | | |
| 15 | Universal College of Medical Sciences, Bhairahawa | | | | | | |
| 16 | Nepalese Army Institute of Health Science | | | | | | |
| 17 | Nepalgunj Medical College | | | | | | |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

| SN | Institutions | Cardio Thoracic and Vascular Anesthesiology | GI Surgery | Urology | Neuro surgery | Pediatric Surgery | Cardio Thoracic and Vascular Surgery | Plastic Surgery |
|---|---|---|---|---|---|---|---|---|
| | | Allocated Seat | Allocated Seat | Allocated Seat | Allocated Seat | Allocated Seat | Allocated Seat | Allocated Seat |
| 1 | Birat Medical College, Biratnagar, Morang | | 1 | 1 | 1 | | | |
| 2 | B.P. Koirala Institute of Health Science, Dharan | | 1 | 1 | | | 0 | |
| 3 | Chitawan Medical College, Bharatpur | | 2 | 2 | 1 | | 1 | |
| 4 | College of Medical Science, Bharatpur | | 2 | 2 | 1 | | | |
| 5 | Gandaki Medical College, Kaski | | | 0 | 0 | | | |
| 6 | KIST Medical collge Gwarko, Lalitpur | | 1 | 1 | | | | 0 |
| 7 | Kathmandu Medical College, Kathmandu | | 2 | 1 | 1 | | | 1 |
| 8 | KUSMS Dhulikhel, Dhulikhel | | 1 | | | | | |
| 9 | Manipal College of Medical College, Pokhara | | | | 1 | | | |
| 10 | Maharajgunj Medical College, Maharjgunj | 1 | 3 | 2 | 2 | 1 | 2 | 1 |
| 11 | National Academy of Medical Sciences, Kathmandu | | 2 | 2 | 2 | 1 | 1 | 1 |
| 12 | National Medical College, Birgunj | | | | | | | |
| 13 | Nepal Medical College, Jorpati | | 1 | 1 | 1 | | | |
| 14 | Nobel Medical College, Biratnagar, Morang | | | 1 | 1 | | | |
| 15 | Universal College of Medical Sciences, Bhairahawa | | | | | | | |
| 16 | Nepalese Army Institute of Health Science | | | 1 | | | | |
| 17 | Nepalgunj Medical College | | | | | | | |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर